Nepali

**BUFFALO PUBLIC SCHOOLS**
**Office of the Superintendent**
65 Niagara Square Room #712 City Hall
Buffalo, New York 14202
Phone (716) 816-3575
Fax (716) 851-3033
TMWilliams@buffaloschools.org

**Dr. Tonja M. Williams**
**Interim Superintendent of Schools**

मे २६, २०२२

प्रिय बफ्लो पब्लिक स्कूल समुदाय,

हाम्रा विद्यार्थी, संकाय, कर्मचारी र परिवारको सुरक्षा हाम्रो सबैभन्दा महत्त्वपूर्ण प्राथमिकता हो। हामी हाम्रो समुदायलाई सुरक्षित राख्नको लागि सबै उपायहरू अपनाइरहेका छौं।

हामीले हाम्रा विद्यालयहरूमा सुरक्षाका सम्बन्धमा तपाईको हृदयदेखिको चिन्ता/चासो सुनेका छौं भनी बुझाउन चाहन्छौं। हामीले धेरै डाटा पोइन्टहरूको मूल्याङ्कन गरेका छौं र हाम्रा भवनहरूमा सुरक्षा उपायहरू बढाउनु पर्ने आवश्यकता बारे थाहा छ। हाम्रो समुदायमा डर र चिन्ताका धेरै कारणहरु छन्। कोभिड-१९ सङ्क्रमण दरमा भएको वृद्धि, सामाजिक सञ्जालमा बढ्दो आघात उत्पन्न गर्ने गतिविधि, जेफर्सन एभिन्यूमा हालैको दुखद जातीय उत्प्रेरित सामूहिक हत्या र एक प्राथमिक विद्यालयमा गोली हानी मारिएका १९ बालबालिका र दुई शिक्षकको मूर्खतापूर्ण हत्या Uvalde, टेक्सासमा। निस्सन्देह, यी सबै घटनाहरूले हाम्रा विद्यालयहरूमा तनाव पैदा गरिरहेका छन्। परिणामस्वरूप, हामी सबै डिस्ट्रीक्ट भवनहरूमा पहुँच प्रतिबन्धित गर्दैछौं।

स्कूल भवन भित्र बैठकमा संलग्न हुनु भन्दा हामी तपाईलाई सबै बैठकहरू अनलाइन प्ल्याटफर्म मार्फत सञ्चालन गर्न प्रोत्साहन दिन्छौं जस्तै जुम, वेबेक्स वा टिम्स (Zoom, Webex or Teams)। इन-स्कूल बैठकको लागि तपाईको अनुरोधलाई स्वीकृत गरिएमा, कृपया बुझ्नुहोस् कि तपाईले हाम्रो विद्यालयमा प्रवेश गर्दा हाम्रा विद्यार्थीहरूले अनुभव गरेको उही स्क्यानिङ्ग र/वा जाँच प्रक्रिया लागू हुनसक्छ।

कृपया ध्यान दिनुहोस् कि वर्षको अन्त्य-समारोहहरू अतिरिक्त सुरक्षा उपायहरूसँग सामान्य रूपमा सुरु हुनेछन्।

शुभेक्षा सहित,

Dr. Tonja M. Williams,
Interim Superintendent of Schools

*"Putting Children and Families First to Ensure High Academic Achievement for All"*